# झिमरुक गाउँपालिका

मच्छी, प्यूठान

# बजेट वक्तव्य

झिमरुक गाउँपालिका

२०७६, आषाढ

# झिमरुक गाउँपालिकाको गाउँसभामा सभाका सदस्य श्री टिका बहादुर जि.सी. ले पेश गरेको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्य

**सभाअध्यक्ष महोदय,**
**प्रमुख अतिथि ज्यू,**
**सभाका सदस्यहरु एवम् आमन्त्रित महानुभावहरु,**

## १.१ पृष्ठभूमी

१. वर्तमान राज्य संरचनाले गर्दा जनताको नजिकको सरकारको रुपमा स्थानीय तहले सेवा प्रवाह गरिरहेका छन् । यो अवसरलाई मुर्तरुप दिई समृद्ध झिमरुक निर्माण गर्नुको विकल्प छैन ।

२. आज म यस गरिमामय सभामा आर्थिक वर्ष २०७६/०७७ को वार्षिक वजेट आय व्ययको विवरणको( वार्षिक बजेट) पेश गर्न उभिएको छु । नेपालमा संघीय लोकतन्त्रको स्थापनार्थ भएका विभिन्न आन्दोलन तथा परिवर्तनलाई स्मरण गर्दछु । साथै वलिदान र त्याग गर्नुहुने ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु । लोकलान्त्रिक गणतन्त्र स्थापनाको लागि नेपाली जनताले गरेका विभिन्न आन्दोलनलाई स्मरण गर्न चाहन्छु ।

३. राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौं । संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीब्र आर्थिक विकास नै हो ।

४. यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मूलतः नेपालको संविधानका उल्लिखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विकासका समसामयिक मुद्धाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश नं. ५ आर्थिक मामिला तथा योजना मन्त्रालय र

अन्य निकायबाट प्राप्त मार्गदर्शन, जनसहभागिता आधारित योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम, वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुले पेश गरेका प्रतिवेदन समेतलाई आधार मानिएको छ ।

५. देश लोडसेडिङ्गमुक्त भई विकास निर्माणको कार्य तीव्र गतिमा अगाडि बढी ८.५ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विशिष्टता र सौन्दर्यता यस गाउँपालिका समग्र प्यूठान कै सम्पत्तिको रुपमा रहेको छ । कृषि, पर्यटन, जलविद्युत, धार्मिक आदि जस्ता विषयमा प्रचुर सम्भावना बोकेको झिमरुक गाउँपालिका दिगो र समुचित श्रोत परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा पछाडि नै परिरहेको छ । यद्यपि उपलब्ध स्रोत र साधनको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामुहिक इच्छाशक्ति साथ यस गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी यस गाउँपालिकाका जनताहरुको काँधमा नै आएको छ । त्यसैले आर्थिक, सामाजिक, सांस्कृति, पर्यटन, धार्मिक लगायत समग्र क्षेत्रको सन्तुलित र दिगो विकास गर्दै गरिबी, असमानता र भोकमरीको न्यूनिकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गरी देशकै एक नमूना गाउँपालिकाका रुपमा “हाम्रो झिमरुक, राम्रो झिमरुक” बनाउन कुनै वहानाले छेक्नु हुँदैन । स्थानीय जनतालाई सन्तुलित र दिगो विकासको अनुभूति दिलाउनु, यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गमा जोड्नु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घरदैलोमा पुऱ्याई जनतालाई नजिकको सरकारको अनुभूति दिलाउनु मुख्य चुनौतीको रुपमा रहेको छ । यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतीको रुपमा रहेका छन् ।

६. हाम्रा सामु विभिन्न चुनौतीहरु रहको भएता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी यस आर्थिक वर्षको बजेट तयार गरेका छौं । यस बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरिएको छ :

- संविधान कार्यान्वयनमा सहयोग गर्ने,
- भौतिक तथा सामाजिक पूर्वाधारको दिगो विकास गर्ने,
- कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गर्ने,
- शिक्षामा गुणस्तरीय सुधार गर्ने,
- पर्यटकीय तथा धार्मिक क्षेत्रको विकास गर्ने
- सार्वजनिक प्रशासन तथा सेवा प्रवाहमा आम नागरिकको सहज पहुँच अभिवृद्धि गर्ने ।

यी उदेश्यहरु हासिल गर्नका लागि निम्नानुसार प्राथमिकताहरु प्राप्त क्षेत्रहरुमा रकम विनियोजनज गरेको छु ।

- **सामाजिक विकास क्षेत्र** अर्न्तगत शिक्षा, सामाजिक सुरक्षा तथा संरक्षण, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, भाषा तथा संस्कृति, जनसंख्या तथा बसाईसराई ।
- **पूर्वाधार विकास क्षेत्र** अर्न्तगत  भवन, आवास तथा सहरी विकास, यातायात पूर्वाधार, पुनर्निर्माण र ऊर्जा ।
- **आर्थिक विकास क्षेत्र** अर्न्तगत कृषि, पशुपन्छी विकास, पर्यटन, र जलश्रोत तथा सिंचाई ।
- **सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र** अर्न्तगत अनुगमन तथा मूल्यांकन, विपद व्यवस्थापन, श्रम तथा रोजगार, तथ्यांक प्रणाली,  गरिबी निवारण र  शासन प्रणाली ।

**माननीय सभाध्यक्षज्यू,**

७. अब म यिनै चुनौती, उदेश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०७६।७७ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १.२ चालु आ.व.को नीति तथा कार्यक्रमको समीक्षा

- **(क) आर्थिक विकास क्षेत्र :** रक गार्डेनको डि.पी.आर. तर्जुमा, तुषारा कोटघरमा सिंडी निर्माण , ओखरकोटघरमा सिंढी निर्माण , गडीकोटमा आलमदेवी मन्दिर निर्माण , ईस्नाथानमा कम्पाउण्ड वाल निर्माण आदि ।

**(ख)सामाजिक विकास क्षेत्र**

- नेपाने खेलकुद मैदान, कोइली खोला खेल मैदान, पोखरचौर खेल मैदान निर्माण सम्पन्न भएको छ ।
- ९ वटा मा वि मा ई-हाजिरी जडान, भिमसेन मा. वि. भवन, ने. रा.आ. वि. भवन निर्माण, लक्ष्मी मा वि वांगेमा भवनको लागि रु १९ लाख अनुदान रकम उपलब्ध गराई तला थप गर्ने कार्य सम्पन्न भएको छ ।
- सिरुंकारुख-चुंधारा-रिपपाखा खा पा.निर्माण सम्पन्न भएको छ ।
- खोप क्लिनिकहरुको लागि फर्निचरको व्यवस्था, गाउँघर क्लिनिकको लागि भवन निर्माण, गौमुखी क्याम्पस मच्छीमा ९ देखि १२ कक्षाको इन्जिनियरिङ विषयको प्राविधिक धार सञ्चालन गर्ने अनुमति

प्रदान गरिएको , महिनाको २ पटक आयुर्वेदिक गाउँघर क्लिनिक सञ्चालन साथै निःशुल्क औषधी वितरण गरिने औषधीका लागि पर्याप्त बजेटको व्यवस्था गरीएको छ ।

- विपन्न वर्गको उत्थानको लागि खरको छाना विस्थापन नीति अनुरुप विपन्न वर्गहरुलाई जस्तापाता वितरणको लागि ६० लाख रकमको जस्तापाता खरिद गरि वितरण गरिएको छ ।
- ज्येष्ठ नागरिक परिचयपत्र र अपांग परिचयपत्र वितरण गर्ने कार्य शुरु गरिएको छ ।
- वालशिक्षा मा.वि.मा कक्षा ९ देखी १२ कक्षासम्मको इन्जिनियरिङ्ग बिषयको प्राविधिक धार सञ्चालन गर्न अनुमति प्रदान गरि सञ्चालनमा ल्याईएको छ ।

### (ग)पूर्वाधार विकास क्षेत्र

- रिंगरोड-मच्छी-सौतामारे-पुर्कोटदह सडक, मच्छी-वोकेटारी हुंदै पाकुरीरुख जोड्ने सडक, ढांड-गब्दी-टिमुरचौर सडक, गब्दी-तुषारा-कुता-बडखोला सडक स्तरउन्नती, आरुपाटा-हिरापोखरी-सडक स्तरउन्नति, नब्बे -थापाचौर कृषि सडक स्तर उन्नति, ढांड-बादीकोट-कमेरपानी सडक स्तर उन्नति गरिएको छ ।
- मैनाके सिंचाई आयोजना निर्माण सम्पन्न भएको छ ।
- चिसापानी पिपलनेटा सिंचाई कूलो निर्माण, गाउंपालिकाको बहुउद्‌देश्य सभाहल निर्माण सम्पन्न भएको छ ।
- उर्जा तर्फः सौर्य बत्ती जडान - (गडिकोट, तुषारा कोट, ओखरकोट , इस्नाथान )

### (घ) शुसासन तथा अन्तरसम्वन्धित क्षेत्र

यस अन्तरगत शासन प्रणाली श्रम तथा रोजगारी ,गरीवी निवारण, अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क प्रणाली, विपद् व्यवस्थापन लगायतका क्षेत्रलाई प्राथमिकता राखीका गरिएको छ ।

### (च) अन्य

- गाउंपालिका, वडा कार्यालयको केन्द्र तोकेको तथा जग्गा व्यवस्थापन सम्बन्धमा झिमरुक गा.पा.को लागि ९ रोपनी ८ आना जग्गा निःशुल्क रुपमा भ्यागुतेमा व्यवस्था गरी सोही स्थानमा गाउंपालिकाको केन्द्र तोक्ने कार्य सम्पन्न भएको छ ।
- वडा नं. ३ र ४ को वडा कार्यालयको लागि आवश्यक पर्ने जग्गा निःशुल्क रुपमा व्यवस्था गरी सोको केन्द्र क्रमशः डांडाडिही र कौछेटारीमा तोक्ने साथै वडा नम्बर ८ को वडा केन्द्र रातामाटा फूलवारी तोक्ने कार्य सम्पन्न भएको छ ।
- ३ नं. वडामा स्वास्थ्य चौकी निर्माणको लागि ५ रोपनी भन्दा बढी जग्गा निःशुल्क रुपमा व्यवस्था मिलाइएको छ ।

## २.१ सोंच, लक्ष्य , उदेश्य र अपेक्षित उपलब्धी

**सोचः “समृद्ध झिमरुक सुखी झिमरुक वासी”**

**लक्ष्य :** क) सर्व सुलभ आधुनिक पूर्वाधारमा वृद्धि गर्ने ।

ख) उच्च दिगो उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ग) सुरक्षित न्यायपूर्ण समाज निमार्ण गर्ने ।

**अपेक्षित उपलब्धी** : गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक , पर्यटन र पूर्वाधारको क्षेत्रमा सुधार आएको हुने छ ।

महिला वालवालिका, जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरुको सामजिक सुरक्षामा अभिवृद्धि भएको हुने छ ।

## २.२ वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

### २.२.१ समग्र नीति तथा आधारहरु

- नेपालको संविधान, १५ औं योजनाको आधार पत्र मध्यकालीन खर्च संरचना,संघ तथा प्रदेश सरकारको वित्तिय नीति, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, स्थानीय निकाय वजेट तर्जुमा दिग्दर्शन, आ.व. ०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम साथै सभाका सदस्य ज्यूहरुले दिनु भएको उल्लेखनीय सुझावहरुलाई मार्गदर्शनको रुपमा लिई यो बजेट तर्जुमा गरिएको छ ।
- लोकतान्त्रिक समावेशी, जवाफदेही र प्रभावकारी स्थानीय शासनको अनुभूति जनतालाई गराउने दायित्व स्थानीय तहमा आएको छ ।
- सीमित स्थानीय श्रोत साधनको बाबजुद झिमरुकवासी जनताका अधिकतम आकांक्षाहरुलाई सम्बोधन गर्नुपर्ने चुनौती रहेको छ ।
- सीमित श्रोत साधनमा अधिनमा रही गाउँपालिकाभित्रका सबै वर्ग, क्षेत्र र समुदायका आवश्यकताहरुलाई सम्बोधन गर्दै सामाजिक न्याय कायम गर्ने, जनताहरुलाई आत्मनिर्भर बनाई उनीहरुको जीवनस्तर बृद्धि गर्ने मान्यताकासाथ यो बजेट तर्जुमा गरिएको व्यहोरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

**अध्यक्ष महोदय,**

### २.२.२ क्षेत्रगत नीति तथा आधारहरु

**क) आर्थिक विकास क्षेत्र**

१ आर्थिक विकास विना दिगो र सन्तुलित विकास सम्भव छैन भन्ने कुरालाई मध्यनजर गर्दै कृषि, पशु, पर्यटन, सिचाई, लगायतका क्षेत्रमा प्राथमिकताकासाथ बजेट विनियोजन गरिएको छ । आर्थिक विकासका

मुख्य क्षेत्र कृषि, पशु, पर्यटन, सिचाई लगायतका क्षेत्रहरुमा रु १ करोड ६९ लाख २९ हजार ५ सय बजेट विनियोजन गरेको छु ।

२. व्यवसायिक, आधुनिक र आत्मनिर्भर कृषि प्रणाली विकासको लागि कृषि प्रसार कार्यक्रम, भकारो सुधार, साना सिचाई निमार्ण, टनेल वितरण, वाली विकास कार्यक्रम, विउ उत्पादन कार्यक्रम, उन्नत किट वितरण, कृषि प्रसार कार्यक्रम, पशु सेवा प्रसार, पशु आहारा सेवा कार्यक्रम, कृतिम गर्भधारण सम्वन्धी तालिम वाख्राको खोर सुधार तथा निर्माण , नश्ल सुधार कार्यक्रम, वोयर जातको वोका खरिद तथा वितरण, डिविङ्ग टंकी निर्माण , व्यवसायीक पशुपक्षी फर्म र समूह समितिलाई अनुदान कार्यक्रम, पशु जन्य पदार्थको वजारीकरण र सहभागितामा आधारित विउ, विजन तथा घाँस अनुदान कार्यक्रम समावेश गरिएको छ । जसको लागि आर्थिक विकास क्षेत्रको कूल ७३.३१ प्रतिशत रकम कृषि क्षेत्रमा विनियोजन गरेको छु ।

३.पर्यटन क्षेत्रको विकास तथा विस्तार नै झिमरुकको पहिचान हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै रु १० लाख १० हजार विनियोजन गरेका छु । यो कुल वजेटको ०.२१४ प्रतिशत हो ।

**ख) समाजिक क्षेत्र**

४. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता सामाजिक विकासका आयामहरुलाई उच्च प्राथमिकता राखी सामाजिक विकास क्षेत्रमा सामाजिक सुरक्षा समेत गरी रु. २५ करोड ४१ लाख ३२  हजार रकम विनियोजन गरेको छु ।

५. गुणस्तरीय तथा अनिवार्य शिक्षाको लागि शिक्षामा गुणस्तर सुधार, विद्यालयको भौतिक व्यवस्थापन, उत्कृष्ट सिकाई उपलव्धी भएका विद्यालयलाई सिकाई सुदृढीकरण तथा विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान, कक्षा १-१० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि पाठ्यपुस्तक अनुदान, कक्षा ८ को परीक्षा सञ्चालन व्यवस्थापन खर्च, प्रारम्भिक बाल विकास/ पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरुको पारीश्रमिक, विद्यालय सञ्चालन व्यबस्थापन अनुदान, टिफिन बक्स (१-३) कक्षा वितरण, सेनेटरी प्याड बितरण लगायतका क्षेत्रमा आवश्यक रकम विनियोजन गरिएको छ । झिमरुकको आवश्यकता शिक्षामा गुणस्तरतालाई मध्यनजर राख्दैं गुणस्तरीय शिक्षाको लागि सामुदायीक विद्यालयहरुको लागि रु. १ करोड ४५ लाख चालु अनुदान सहित शिक्षा क्षेत्रमा कुल १४ करोड ३५ लाख ८७ हजार रकम विनियोजन गरेको छु । जुन कूल वजेट रकमको  ३०.४५ प्रतिशत हुन आउँछ ।

६. भाषा तथा संस्कृतिको संरक्षणको लागि प्राथमिकता दिई सामाजिक विकास क्षेत्रमा विनियोजित रकमको ०.२२ प्रतिशत रकम विनियोजन गरेको छु ।

७. खानेपानी तथा सरसफाईको लागि रु. १ करोड १८ लाख ५१ हजार रकम विनियोजन गरिएको छ ।

८.स्वास्थ्य संस्थाको सेवा प्रवाहमा छिटो छरितो पनाको बिकास गर्न लागि कम्प्युटर प्रिन्टर लगायतका मेसिनरी औजार खरिद, वडा नं. ८ मा सामुदायीक स्वास्थ्य इकाई स्थापना, मोवाइल हेल्थ कार्यक्रम व्यवस्थापन, निःशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद, खोप केन्द्र, स्वास्थ्य शिविर, महिला प्रजनन स्वास्थ्यलाई विशेष ख्याल राख्दै स्वास्थ्य क्षेत्रमा २ करोड ३७ लाख ८ हजार रकम विनियोजन गरेको छु । जुन कूल रकमको ५.०२ प्रतिशत रहेको छ ।

९. सामाजिक न्याय तथा समावेशीकरणलाई उच्च प्राथमिकता दिदै राज्यका सबै क्षेत्रमा विपन्न, महिला र वहिष्करणमा परेका समुदायको औचित्वपूर्ण सहभागिता सुनिश्चिता गर्न तथा शसक्तिकरण गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । “झिमरुकको स्वाभिमान, जेष्ठ नागरिकलाई सम्मान” भन्ने नाराकासाथ जेष्ठ नागरिक सम्मानको लागि रु ४ लाख ६० हजार बजेट व्यवस्था गरिएको छ । यसको साथै अपाङ्गहरुको लागि क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

१०. लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि २८ लाख २८ हजार रकम विनियोजन गरेको छु ।

११. सामाजिक सुरक्षा कार्यक्रमको लागि रु. ७ करोड विनियोजन गरिएको छ ।

**ग) पूर्वाधार बिकास**

१२. भौतिक पूर्वाधारको विकास विना अन्य क्षेत्रको विकासले गति लिन नसक्ने कुरालाई ध्यानमा राखी पूर्वाधार विकासको लागि उच्च प्राथमिकतामा राख्दै रु १० करोड ८५ लाख ९६ हजार १ सय रकम विनियोजन गरेको छु ।

१३.गाउँपालिकाको प्रमुख प्रशासकीय भवन र चिसापानी पिपलनेटा सिचाई कूलो निर्माणका लागि रु १ करोड ५० लाख, गाउँपालका भित्रका वडा कार्यालयहरुका भवन निर्माणको लागि रु १ करोड २० लाख, बहुउदेश्य सभा हलको फर्निचर, फिनिसिङ, स्टोरहल र कम्पाउन्ड पर्खाल निमाणका लागि रु २० लाख ३५ हजार १ सय, ढाड वादिकोट कमेरपानी मोटर वाटोको लागि रु १९ लाख ५० हजार झिमरुक रिङरोडको लागि रु १५ लाख, ढाडा गव्दी टिमुरचौर दिहाल्ना सडक स्तरउन्नतीको लागि रु १३ लाख ५० हजार, मच्छी वोकेटारी हुदै पाकुरीरुख मोटर वाटोको लागि रु १२ लाख ५७ हजार, थापाचौर वाखोर वडाखोली मोटर वाटो स्तरउन्नतीको लागि १० लाख ५० हजार, आरुपाटा हिरापोखरी मोटरवाटो स्तरोन्नतीको लागि

रु १० लाख, नेपाने खेलकुद मैदान निर्माणको लागि रु १० लाख, सिस्नेरी सेरुङ्गारुख धर्केपहरा रिपापाखा तिल्हाल्ना खा.पा योजनाका लागि रु १० लाख, नव्वे थापाचौर कृर्षि सडक स्तरोन्नतीको लागि रु १० लाख, जावुने तल्लागाउँ पोखरा छेडा मोटर वाटो निर्माणका लागि रु १० लाख, चुदाराफेदी चौके कन्दले मो.वा स्तरउन्नतीको लागि रु ९ लाख ५० हजार, तुषारा कोटघर मर्मत तथा सिडी निर्माणका लागि रु ६ लाख रकम विनियोजन गरेको छु ।

१४. उर्जा क्षेत्रको विकासका लागि नविकरणीय ऊर्जा प्रबिधिहरु ( लघु तथा साना जलबिधुत, सौर्य ऊर्जा, वायोमाग्यास, वायोमास प्रविधि जडान) लगायतका कामको लागि १६ लाख विनियोजन गरिएको छ ।

१५. भवन, आवास तथा सहरी विकास तर्फ ५ करोड ६२ लाख २ हजार १ सय र पुननिर्माण अर्न्तगत जस्तापाता वितरण लगायतका कार्यको लागि १ करोड ९९ लाख ६१ हजार बजेट विनियोजन गरिएको छ । जुन कूल वजेटको रु ४.२३ प्रतिशत हुन आउछ ।

**(घ) शुसासन तथा अन्तरसम्वन्धित क्षेत्र**

१६.शासन प्रणाली, श्रम तथा रोजगारी, गरिवी निवारण, अनुगमन तथा मुल्याङ्कन, तथ्याङ्क प्रणाली, विपद व्यवस्थापन, समेतका क्षेत्रलाई प्राथमिकतामा राखी वजेट विनियोजन गरिएको छ । यस क्षेत्रको लागि कुल रकम ४० लाख २५ हजार विनियोजन गरेको छु । यो कूल वजेट रकमको ०.८ प्रतिशत रहेको छ ।

**ङ) कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र**

**१७.यस क्षेत्रको व्यवस्थापनको लागि रु ८ करोड ७७ लाख ४१ हजार ४ सय विनियोजन गरेको छु ।** यो कूल वजेट रकमको १८.६१ प्रतिशत रहेको छ । यस क्षेत्र अर्न्तगत कर्मचारी तलव,चाडपर्व खर्च, पोशाक, स्थानीय भत्ता, वैठक भत्ता, कर्मचारी कल्याण कोष, पानी तथा बिजुली, संचार महसुल, इन्धन, सवारी साधन मर्मत, बिमा तथा नवीकरण खर्च,मसलन्द खर्च, आयोजना पूर्व विस्तृत सर्भेक्षण DPR परामर्श, सेवा परामर्श, चालु प्रकृतिका सम्पूर्ण कार्यक्रम लगायतका उपक्षेत्र यस क्षेत्रमा पर्दछन् ।

१८. सार्वजनिक सेवा प्रवाहलाई जनमुखी तथा नागरिकमैत्री बनाउनका लागि सेवा प्रवाहलाई छिटो छरितो तथा प्रभावकारी बनाइने छ । त्यसको लागि सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गरिने छ भने सेवा प्रवाह सम्वन्धी मापदण्ड निर्धारण गरिने छ । कर्मचारी तथा पदाधिकारीको क्षमता विकासको लागि आवश्यक तालिम तथा प्रविधिको व्यवस्थापनको लागि रकम विनियोजन गरिएको छ ।

१९. आर्थिक पारदर्शिता, वित्तिय अनुशासन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा सूचना तथा संचार व्यवस्थापन, अभिलेख व्यवस्थापन, पञ्जिकरण व्यवस्थापन, मानव संसाधन विकासका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

## २.४ अनुमानित व्यय र स्रोत व्यवस्थापन

२०. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लाग बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान  प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२१ आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न  रु. ४७ करोड १४ लाख २४ हजार विनियोजन गरेको छु । कूल विनियोजन रकम मध्ये चालु खर्चतर्फ रु. ३४ करोड ५८ लाख ३७ हजार ९ सय अर्थात् ७३.६३  प्रतिशत र पूँजीगत खर्चतर्फ १२ करोड ५५ लाख ८६ हजार १ सय  अर्थात् २६.६४ प्रतिशत रहेको छ । नेपाल सरकारबाट विषयगत कार्यालयको लागि प्राप्त सशर्त अनुदानको रकम, सामाजिक सुरक्षाको रकम र कृषि ईकाइ तथा पशु इकाईको लागि प्राप्त सशर्त  रकम र पदाधिकारीहरुको सेवा सुविधा, कर्मचारी तलव, चालु प्रकृतिका कार्यक्रम चालु खर्च शिर्षकमा राखिएको छ । आगामी आ.व.०७६/७७ का लागि नेपाल सरकारले सामाजिक सुरक्षा र कर्मचारीहरुको तलव रकममा वृद्धि गरेको हुँदा चालु खर्चको अंश केही बढी देखिन गएको हो ।

२२. कुल बजेटमध्ये चालु खर्चतर्फ वडा कार्यालयहरुको लागि रु. १ करोड १ लाख ६१ हजार, गाउँपालिकाको कार्यालयको लागि चालू खर्चतर्फ रु १८ करोड ६३ लाख ७३ हजार ४००, विषयगत शाखाको चालूतर्फ १४ करोड ९३ लाख तीन हजार ५ सय रकम बाँडफाँड गरिएको छ ।

२३. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये  राजश्ववाट रु ४५ करोड ९१ लाख २४ हजार र चालु आ.व.को नगद मौज्दात रु १ करोड २३ लाख रहने अनुमान गरिएको छ ।

२४. कूल राजश्व मध्ये मालपोत कार्यालयवाट प्राप्त हुने रजिष्टेशन दस्तुर रु ८ लाख, गाउँपालिकाको आन्तरिक आम्दानी ४० लाख, संघीय सरकारवाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान १० करोड, सर्शत अनुदान १५करोड ८६ लाख, राजश्व वाँडफाँड ८ करोड २९ लाख, सामाजिक सुरक्षा अनुदान ७ करोड, प्रदेश सरकारवाट प्राप्त हुने वित्तीय समानिकरण रकम रु ४३ लाख ४७ हजार, सर्शत अनुदान ८० लाख, राजश्व वाँडफाँड रु ५२ लाख ७७ हजार, विशेष अनुदान रु ५२ लाख, प्रदेश समपुरक अनुदान १ करोड ५० लाख, जिल्ला समन्वय समिति प्यूठानवाट प्राप्त हुने रकम रु ५० लाख रहने अनुमान गरेको छु ।

सभाध्यक्षज्यू,

२९ . यस झिमरुक गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर लिने बानीको विकासको सुरुवात भएको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराई रु. ४० लाख राजस्व

आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि जनचेतना अभिवृद्धि गर्दै सूचना तथा सहुलियतको माध्यमबाट स्वयं करदातालाई नै जागरुक गराउने प्रणालीलाई प्रवर्द्धन गर्ने नीति अख्तियार गरिने छ । साथै निर्धारण गरिएका कर शुल्क तथा दस्तुरहरु संकलनको लागि गाउँपालिका तथा वडास्तरबाटै सक्रिय रुपमा लागिने छ । करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दै राजस्व चुहावटलाई नियन्त्रण गरिने छ ।

**३०.**यस झिमरुक गाउँपालिकाका विभिन्न वडाहरुवाट छनौंट भई आएका विभिन्न विषयगत क्षेत्रसँग सम्वन्धित योजना तथा कार्यक्रमहरु यथासक्य समेट्ने प्रयास गरिएको छ । ती मध्ये आम झिमरुक वासीका माग र चाहाना अनुसार वडावाट माग भएका पूर्वाधार विकासका योजनाहरुमा वढी रकम विनियोजन गरेको छु । यस झिमरुक गाउँपालिकाका महत्वपूर्ण सार्वजनिक निर्माणसँग सम्वन्धित ठूला योजनाहरु संघ तथा प्रदेश सरकारका आगामी नीति तथा कार्यक्रममा समावेश गर्न सिफारिस गरी पठाईने छ । आगामी आ.व.मा संचालन हुने आयोजनाहरुलाई अझै व्यवस्थित तथा नतिजामुखी वनाउनु अल्पकालीन र दिर्घकालीकन योजना तर्जुमा गरी सवैसँग समन्वय र सहकार्य गरी गाउँपालिकाको निर्धारित लक्ष्यमा पुग्न प्रयास गरिने छ ।

३१. प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने झिमरुक गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, वडाध्यक्षज्यूहरु लगायत वडा समितिहरु, राजनैतिक दलका साथीहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवी, पत्रकार मित्र, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण झिमरुकवासी जनता साथै देश विदेशमा रहनु भएका आमाबुवा नेपाली दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

३२. अन्त्यमा, यस झिमरुक गाउँपालिकाको विकास प्रगति र समृद्धिमा निरन्तर सहयोग र सद्भाव पुऱ्याउने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, झिमरुक गाउँपालिका वासी, करदाता, झिमरुक गाउँपालिकाको हित र समुन्नतिमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र सञ्चार जगतप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

जय नेपाल, जय झिमरुक

धन्यवाद ।

टिका वहादुर जि.सी.
गाउँ कार्यपालिका सदस्य

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

**आय व्ययको बिबरण**
**आर्थिक वर्ष : २०७६/७७**

**रु. हजारमा**

| शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को संशोधित अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|
| राजस्व | | | ४७१४२४ |
| आन्तरिक श्रोत | | | २,२१,०० |
| ११३१४ भुमिकर/मालपोत | | | ८,०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | ८,८१,७७ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | | | ५२,७७ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | | | ८,२९,०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ३६,११,४७ |
| संघीय सरकार | | | ३२,८६,०० |
| १३३११ समानीकरण अनुदान | | | १०,००,०० |
| १३३१२ शसर्त अनुदान चालु | | | १५,८६,०० |
| १३३१८ अन्य अनुदान चालु | | | ७,००,०० |
| प्रदेश सरकार | | | ३,२५,४७ |
| १३३११ समानीकरण अनुदान | | | ४३,४७ |
| १३३१३ शसर्त अनुदान पूँजीगत | | | ८०,०० |
| १३३१५ विषेश अनुदान पूँजीगत | | | ५२,०० |
| १३३१७ समपुरक अनुदान पूँजीगत | | | १,५०,०० |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | ० |
| अन्य आय | | | |
| जनसहभागिता | | | |
| | | | |
| व्यय | | | ४७,१४,२४ |
| चालु खर्च | | | ३४,५८,३७ |
| २११११ पारिश्रमिक कर्मचारी | | | १३,९०,८१ |
| २१११२ पारिश्रमिक पदाधिकारी | | | ६५,०० |
| २११२१ पोशाक | | | ११,६० |

| शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को संशोधित अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|
| २११३१ स्थानीय भत्ता | | | १८,३९ |
| २११३२ महंगी भत्ता | | | १०,८० |
| २११३४ कर्मचारीको बैठक भत्ता | | | २८,०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | १६,२५ |
| २११३९ अन्य भत्ता | | | ७८ |
| २१२१४ कर्मचारी कल्याण कोष | | | २,५० |
| २२१११ पानी तथा बिजुली | | | ७,२० |
| २२११२ संचार महसुल | | | १९,०९ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | | | २२,४० |
| २२२१३ सवारी साधन मर्मत खर्च | | | १९,०५ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | | | ५,०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | १,५० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | | | ९२,४५ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | | | २९,३६ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | | | १,०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | २०,०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | | | २२,९३ |
| २२४११ सेवा र परामर्श खर्च | | | ३३,०० |
| २२४१९ अन्य सेवा शुल्क | | | २,०० |
| २२५११ कर्मचारी तालिम खर्च | | | ५० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | २०,७० |
| २२५२२ कार्यक्रम खर्च | | | ५,७२,९३ |
| २२५२९ विविध कार्यक्रम खर्च | | | २,८० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | | | ४४,५० |
| २२६१२ भ्रमण खर्च | | | ५,०० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | | | ६,०० |
| २२७११ विविध खर्च | | | ३४,१० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | | | ३,१० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | | | ३,४० |

| शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को संशोधित अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|
| २५३१५ अन्य सस्था सहायता | | | १५,०० |
| २६३३५ अन्य अनुदान | | | १,५०,५० |
| २७१११ सामाजिक सुरक्षा | | | ७,००,०० |
| २७२११ छात्रवृत्ति | | | २०,९८ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | | | ८,०० |
| २७२१३ औषधी खरिद खर्च | | | ३३,७५ |
| २८१४२ घरभाडा | | | १३,०० |
| २८१४९ अन्य भाडा | | | ५,०० |
| पूंजीगत खर्च | | | १२,५५,८६ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | | | १,००,०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | | | १६,१९ |
| ३११२२ मेशिनरी तथा औजार | | | ६,०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | | | १,४० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | | | ४,५० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | | | ८,०० |
| ३११५१ सडक तथा पूल निर्माण | | | ३,१५,४५ |
| ३११५३ विद्युत संरचना निर्माण | | | १६,०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | | | १,८० |
| ३११५५ सिंचाई संरचना निर्माण | | | ७९,५० |
| ३११५६ खानेपानी संरचना निर्माण | | | १,५८,३९ |
| ३११५८ सरसफाई संरचना निर्माण | | | ६,७० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | | | ५,०६,९३ |
| ३१५११ भैपरी आउने पूँजीगत | | | ३५,०० |
| बजेट बचत (+)/न्यून (-) | | | १,२३,०० |
| गत वर्षको नगद मौज्दात | | | १,२३,०० |

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक वर्ष : २०७६/७७

रकम रु हजारमा

| शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को संशोधित अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|
| आय | ० | ० | ४७१४२४ |
| राजस्व | ० | ० | ११०२७७ |
| आन्तरिक श्रोत | ० | ० | २२१०० |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ० | ० | ४९० |
| भुमिकर/मालपोत | ० | ० | २१४० |
| घरवहाल कर | ० | ० | १० |
| वहाल विटौरी कर | ० | ० | ३ |
| सवारी साधन कर (साना सवारी) | ० | ० | १.५ |
| अन्य मनोरञ्जन कर | ० | ० | ७ |
| अखेटोपहारमा लाग्ने कर | ० | ० | ५ |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | ० | १६०७.९ |
| पार्किङ्ग शुल्क | ० | ० | ०.६ |
| व्यवसाय कर | ० | ० | ५३५ |
| नगद | ० | ० | १७३०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ० | ० | ८८१७७ |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | ० | ० | ८२९०० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | ० | ० | ५२७७ |
| अन्य आय | ० | ० | ० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ० | ० | ३६११४७ |
| संघीय सरकार | ० | ० | ३२८६०० |
| अन्य अनुदान चालु | ० | ० | ७०००० |
| शसर्त अनुदान चालु | ० | ० | १५८६०० |
| समानीकरण अनुदान | ० | ० | १००००० |
| प्रदेश सरकार | ० | ० | ३२५४७ |

| शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को संशोधित अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|
| विषेश अनुदान पूँजीगत | ० | ० | ५२०० |
| शसर्त अनुदान पूँजीगत | ० | ० | ८००० |
| समपुरक अनुदान पूँजीगत | ० | ० | १५००० |
| समानीकरण अनुदान | ० | ० | ४३४७ |
| बैदेशिक | ० | ० | ० |
| जनसहभागिता | ० | ० | ० |

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान

**व्यय अनुमान**

आर्थिक वर्ष : २०७६/७७ रकम रु. हजारमा

आ.व. : २०७६/७७ बजेट उपशीर्षक : झिमरुक गाउँ कार्यपालिका ( ८०५५५५०३००१)

रु. हजारमा

| सि.नं. | संकेत / शीर्षक | आ.व. २०७४/७५को यथार्थ | आ.व. २०७५/७६को संशोधित अनुमान | आ.व. २०७६/७७को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| **चालु खर्च** | | | | १२९३३१.४ | १०३६९५ | २३४३८.४ | २१९८ | ० | ० | ० | ० |
| १ | २१११०/नगदमा दिइने पारिश्रमिक र सुविधा | | | ४०८४३ | ४०६४३ | २०० | ० | ० | ० | ० | ० |
| २ | २११२०/जिन्सी वा जिन्सी वापत कर्मचारी दिइने पारिश्रमिक सुविधा | | | ११५० | ७९० | ३६० | ० | ० | ० | ० | ० |
| ३ | २११३०/कर्मचारी भत्ता | | | ७२४९.४ | ७१७१ | ७८.४ | ० | ० | ० | ० | ० |
| ४ | २१२१०/कर्मचारीको सामाजिक सुरक्षा खर्च | | | २५० | २५० | ० | ० | ० | ० | ० | ० |
| ५ | २२११०/सेवा महसुल | | | २४७२ | २४६० | ० | १२ | ० | ० | ० | ० |
| ६ | २२२१०/सवारी साधनको संचालन तथा सम्भार खर्च | | | ४६०५ | ४५६० | ० | ४५ | ० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | २२३१०/कार्यालय सामान तथा सेवाहरू | | | ११२२५ | १०५२५ | ३५० | ३५० | ० | ० | ० | ० |
| ८ | २२४१०/परामर्श तथा अन्य सेवा शुल्क | | | ३५०० | ३५०० | ० | ० | ० | ० | ० | ० |
| ९ | २२५१०/तालिम तथा गोष्ठी | | | २१२० | १८०० | ३२० | ० | ० | ० | ० | ० |
| १० | २२५२०/उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च | | | २४८८७ | १७९९६ | ५७९० | ११०१ | ० | ० | ० | ० |
| ११ | २२६१०/अनुगमन, मूल्यांकन र भ्रमण खर्च | | | ५४४० | ५३०० | ० | १४० | ० | ० | ० | ० |
| १२ | २२७१०/विविध खर्च | | | ३४१० | ३३२० | ४० | ५० | ० | ० | ० | ० |
| १३ | २५३१०/अन्य सामाजिक संस्थालाई सहायता | | | २१५० | १६५० | ५०० | ० | ० | ० | ० | ० |
| १४ | २६३३०/आन्तरिक अनुदान | | | १५०५० | ० | १५०५० | ० | ० | ० | ० | ० |
| १५ | २७२१०/सामाजिक सहायता | | | ३१८० | २४३० | ७५० | ० | ० | ० | ० | ० |
| १६ | २८१४०/भाडा | | | १८०० | १३०० | ० | ५०० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **पूंजीगत खर्च** | | | | ९६८४४.१ | ६४०० | ७५३१४.१ | १५१३० | ० | ० | ० | ० |
| १ | ३१११०/भवन तथा संरचना | | | ११६१९ | ० | ११६१९ | ० | ० | ० | ० | ० |
| २ | ३११२०/सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा | | | ७४० | ६०० | ९० | ५० | ० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फिक्चर्स | | | | | | | | | | |
| ३ | ३११३० / अन्य पूँजीगत खर्च | | | ९५० | ८०० | १५० | ० | ० | ० | ० | ० |
| ४ | ३११५० / सार्वजनिक निर्माण | | | ८००३५.१ | ५००० | ५९९५५.१ | १५०८० | ० | ० | ० | ० |
| ५ | ३१५१० / भैपरी आउने पूँजीगत | | | ३५०० | ० | ३५०० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **वित्तीय** | | | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | २२६१७५.५ | ११००९५ | ९८७५२.५ | १७३२८ | ० | ० | ० | ० |

आ.व. : २०७६/७७ बजेट उपशीर्षक : संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( ८०५५५५०३५०१)

रु. हजारमा

| सि.नं. | संकेत / शीर्षक | आ.व. २०७४/७५को यथार्थ | आ.व. २०७५/७६को संशोधित अनुमान | आ.व. २०७६/७७को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| **चालु खर्च** | | | | १३७८५८ | ० | १३७८५८ | ० | ० | ० | ० | ० |
| १ | २१११०/नगदमा दिइने पारिश्रमिक र सुविधा | | | १०४७३८ | ० | १०४७३८ | ० | ० | ० | ० | ० |
| २ | २११२०/जिन्सी वा जिन्सी वापत कर्मचारी दिइने पारिश्रमिक सुविधा | | | १० | ० | १० | ० | ० | ० | ० | ० |
| ३ | २११३०/कर्मचारी भत्ता | | | १७३ | ० | १७३ | ० | ० | ० | ० | ० |
| ४ | २२११०/सेवा | | | १४५ | ० | १४५ | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महसुल | | | | | | | | | | |
| ५ | २२२२०/मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च | | | १५० | ० | १५० | ० | ० | ० | ० | ० |
| ६ | २२३१०/कार्यालय सामान तथा सेवाहरू | | | ५२७९ | ० | ५२७९ | ० | ० | ० | ० | ० |
| ७ | २२५२०/उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च | | | २४२७० | ० | २४२७० | ० | ० | ० | ० | ० |
| ८ | २७२१०/सामाजिक सहायता | | | ३०९३ | ० | ३०९३ | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **पूंजीगत खर्च** | | | | २०७४२ | ० | २०७४२ | ० | ० | ० | ० | ० |
| १ | ३११३० / अन्य पूँजीगत खर्च | | | ३०० | ० | ३०० | ० | ० | ० | ० | ० |
| २ | ३११५० / सार्वजनिक निर्माण | | | २०४४२ | ० | २०४४२ | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **वित्तीय** | | | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | १५८६०० | ० | १५८६०० | ० | ० | ० | ० | ० |

आ.व. : २०७६/७७ बजेट उपशीर्षक : प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम ( ८०५५५५०३५०२)

रु. हजारमा

| सि.नं. | संकेत / शीर्षक | आ.व. २०७४/७५को यथार्थ | आ.व. २०७५/७६को संशोधित अनुमान | आ.व. २०७६/७७को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| **चालु खर्च** | | | | ५२०० | ० | ० | ५२०० | ० | ० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २२५२०/उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च | | | ५२०० | ० | ० | ५२०० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **पूंजीगत खर्च** | | | | ८००० | ० | ० | ८००० | ० | ० | ० | ० |
| १ | ३११५० / सार्वजनिक निर्माण | | | ८००० | ० | ० | ८००० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **वित्तीय** | | | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | १३२०० | ० | ० | १३२०० | ० | ० | ० | ० |

आ.व. : २०७६/७७ बजेट उपशीर्षक : संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम – जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम ( ८०५५५५०३१०२) उप क्षेत्र : सामाजिक सुरक्षा तथा संरक्षण

रु. हजारमा

| सि.नं. | संकेत / शीर्षक | आ.व. २०७४/७५को यथार्थ | आ.व. २०७५/७६को संशोधित अनुमान | आ.व. २०७६/७७को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | वैदेशिक |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| **चालु खर्च** | | | | ७०००० | ० | ७०००० | ० | ० | ० | ० | ० |
| १ | २७११०/सामाजिक सुरक्षा | | | ७०००० | ० | ७०००० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **पूंजीगत खर्च** | | | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **वित्तीय** | | | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | ७०००० | ० | ७०००० | ० | ० | ० | ० | ० |

आ.व. : २०७६/७७ बजेट उपशीर्षक : झिमरुक गाउँपालिका - कृषि ( ८०५५५५०३३०३)

रु. हजारमा

| सि.नं. | संकेत / शीर्षक | आ.व. २०७४/७५को यथार्थ | आ.व. २०७५/७६को संशोधित अनुमान | आ.व. २०७६/७७को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| **चालु खर्च** | | | | ३४४८.५ | १८२ | १२४७.५ | २०१९ | ० | ० | ० | ० |
| १ | २२११०/सेवामहसुल | | | १२ | ० | ० | १२ | ० | ० | ० | ० |
| २ | २२२१०/सवारी साधनको संचालन तथा सम्भार खर्च | | | ४० | ० | ० | ४० | ० | ० | ० | ० |
| ३ | २२३१०/कार्यालय सामान तथा सेवाहरू | | | ७० | ० | ७० | ० | ० | ० | ० | ० |
| ४ | २२५२०/उत्पादन सामग्री, सेवा तथा अन्य कार्यक्रम खर्च | | | ३२१६.५ | १८२ | ११७७.५ | १८५७ | ० | ० | ० | ० |
| ५ | २२६१०/अनुगमन, मूल्यांकन र भ्रमण खर्च | | | ११० | ० | ० | ११० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **पूंजीगत खर्च** | | | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **वित्तीय** | | | | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | |
| **कूल जम्मा** | | | | ३४४८.५ | १८२ | १२४७.५ | २०१९ | ० | ० | ० | ० |
| जम्मा चालु | | | | | १०३८७७ | २३२५४३१९ | ९४१७ | | | | |
| जम्मा पूँजीगत | | | | | ६४०० | ९६०५६।१ | २३१३० | | | | |
| कूल जम्मा | | | | ४७१४२४।० | ११०२७७।० | ३२८६००।० | ३२५४७।० | | | | |

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, प्युठान

**क्षेत्रगत व्यय अनुमान**

**आर्थिक वर्ष : २०७६/७७**

| सि.नं. | संकेत | शीर्षक | आ.व. २०७६/७७को अनुमान | स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | | | | |
| | | | | | कृषि | नेपाल सरकार | कृषि | सासु | संघीय शर्सत | प्रदेश सरकार | कृषि | कुल |
| १ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८७५०९.४ | ८५३३४ | | १४२८.४ | ७०. | | | ७४७ | १६२ | ८७७४१।४ |
| २ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८७५०९.४ | ८५३३४ | | १४२८.४ | ७०. | | | ७४७ | १६२ | ८७७४१।४ |
| | | | | | | | | | | | | ०।० |
| ३ | २ | आर्थिक विकास | ६८६८ | १३१ | १८२ | ६१९७ | ११७७.५ | | १६४५.० | ५४० | ७०५७ | १६९२९।५ |
| ४ | २०१ | कृषि | २३५१ | ३१ | १८२ | २३२० | ११७७.५ | | १६४५.० | ० | ७०५७ | १२४१२।५ |
| ५ | २०३ | पर्यटन | १०१० | ० | | १०१० | | | | ० | | १०१०।० |
| ६ | २०६ | जलश्रोत तथा सिंचाई | ८९७ | ० | | ८९७ | | | | ० | | ८९७।० |
| ७ | २०८ | पशुपन्छी विकास | २६१० | १०० | | १९७० | | | | ५४० | | २६१०।० |
| | | | | | | | | | | | | ०।० |
| ८ | ३ | पूर्वाधार विकास | १०१९९६.१ | ५००० | | ८१९१६.१ | | | ६६००. | १५०८० | | १०८५९६।१ |
| ९ | ३०१ | यातयात पूर्वाधार | २५८३३ | ० | | २५७५३ | | | ५००० | ८० | | ३०८३३।० |
| १० | ३०२ | भवन, आवास तथा सहरी विकास | ५६२०२.१ | ५००० | | ३६२०२.१ | | | | १५००० | | ५६२०२।१ |
| | ३०३ | उर्जा | १६००. | | | | | | १६००. | | | १६००।० |
| ११ | ३०६ | पुनर्निर्माण | १९९६१ | ० | | १९९६१ | | | | ० | | १९९६१।० |
| | | | | | | | | | | | | ०।० |
| १२ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३५०० | ३३०० | | २०० | | | ५२५ | ० | | ४०२५।० |
| १३ | ४०१ | शासन प्रणाली | ५० | ० | | ५० | | | | ० | | ५०।० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४०९ | श्रम तथा रोजगारि | ५२५ | | | | | | ५२५ | | | ५२५।० |
| १४ | ४१० | गरिबी निवारण | १५० | ० | | १५० | | | | ० | | १५०।० |
| १५ | ४१३ | अनुगमन तथा मूल्यांकन | २१०० | २१०० | | ० | | | | ० | | २१००।० |
| १६ | ४१४ | तथ्यांक प्रणाली | ४०० | ४०० | | ० | | | | ० | | ४००।० |
| १७ | ४१७ | विपद व्यवस्थापन | ८०० | ८०० | | ० | | | | ० | | ८००।० |
| | | | | | | | | | | | | ०।० |
| १८ | ७ | सामाजिक विकास | २६३०२ | १६३३० | | ९०११ | | ७०००० | १४९८३० | ९६१ | ८००० | २५४१३२।० |
| १९ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | ६६० | १५० | | ५१० | | ७०००० | | ० | | ७०६६०।० |
| २० | ७०३ | युवा तथा खेलकुद | ८०६ | ३०० | | ५०६ | | | १०० | ० | | ९०६।० |
| २१ | ७०४ | खानेपानी तथा सरसफाई | ४८५१ | १०० | | ४३५१ | | | | ४०० | ७००० | ११८५१।० |
| २२ | ७०५ | भाषा तथा संस्कृति | ५६२ | ० | | ५६२ | | | | ० | | ५६२।० |
| २३ | ७०६ | शिक्षा | १६०४५ | १५४४५ | | ५० | | | १२६५४२ | ५५० | १००० | १४३५८७।० |
| २४ | ७०७ | स्वास्थ्य | ५२० | १० | | ५१० | | | २३१८८ | ० | | २३७०८।० |
| २५ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २८२८ | ३२५ | | २४९२ | | | | ११ | | २८२८।० |
| २६ | ७११ | जनसंख्या तथा बसाईसराई | ३० | ० | | ३० | | | | ० | | ३०।० |
| | | | | | | | | | | | | |
| कूल जम्मा | | | २२६१७५.५ | ११००९५ | | ९८७५२.५ | | | | १७३२८ | | ४७१४२४।० |